# पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हरपुर, पर्सा

मधेश प्रदेश, नेपाल

## औषधी तथा सर्जिकल सामाग्रीहरु खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र

**(प्रकाशित मिति २०८२/०९/०७)**

यस कार्यालयको चालु आ.ब. २०८२/०८३ को स्विकृत बार्षिक कार्यक्रम अनुसार यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था तथा स्वास्थ्य केन्द्रहरुबाट नि:शुल्क रुपमा वितरण गरिने औषधी तथा सर्जिकल सामाग्रीहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक र योग्य फर्महरुले तपशिलमा उल्लिखित शर्त बमोजिम सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

१. सिलबन्दी दरभाउपत्र दस्तुर रु. १००० (अक्षरुपी एक हजार रुपैयाँ) फिर्त नहुने गरि यस कार्यालयको **सानिमा बैंक, पर्सागढी शाखा, बढनिहार** स्थित **आन्तरिक राजश्व खाता नं. ग. १-१-०६३०१००४००००००५ राजश्व शिर्षक १४२२९** मा दाखिला गरेको सक्लै बैंक भौचर र **धरौटी खाता नं. ग.३-०६३०१००२००००००३** मा औषधी र सर्जिकल सामाग्रीको लगि Bid Bond वापत रकम दाखिला गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा ७५ दिन म्याद भएको मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

२. सिलबन्दी दरभाउपत्र खरिदकर्ताले कम्पनी/फर्म दर्ता प्रमाण पत्र, बिक्री इजाजत पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

३. सिलबन्दी दरभाउपत्र खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको, खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको भनी लिखित स्वघोषणा पत्र पेश गर्नुपर्ने छ ।

४. १५औं दिनको दिन कार्यालय समय भित्र माग दरभाउपत्र विक्री गरिने छ । सिलवन्दी दरभाउपत्र आव्हान समबन्धि सूचना प्रकाशन गरिएको मितिले १६औं दिनको दिन १२:०० बजे भित्र दरभाउपत्र दर्ता गर्नुपर्ने छ।

५. तोकिएको समय भित्र रितपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र सोही दिनको अपरान्ह २:०० बजे देखि (दरभाउपत्र दाताको प्रतिनिधीहरुको रोहबरमा वा प्रतिनिधी उपस्थित नभए पनि) यस कार्यालयमा खोलिने छ ।

६. सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन सूचनामा तोकिएको समय भित्र सिलबन्दी दरभाउपत्र पेश गर्न सकिने छ ।

७. औषधीहरु खरिद गर्दा WHO/GMP Certified Company बाट उत्पादित औषधी मात्र खरिद गरिने छ ।

८. आपूर्ती हुने औषधीहरुको Expiry Date स्टोर दाखिला हुन आएको मितिमा कम्तीमा १८ महिना बाँकी हुनुपर्ने छ तर, कुनै औषधीको Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा औषधीको कुल आयू मध्ये कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्ने छ ।

९. सप्लाई हुने औषधीहरुको प्रत्येक Strip/Leveling/Packaging को बाहिर उत्पादन मिति Expiry Date, Batch No., उत्पादक कम्पनीको नाम र "नेपाल सरकारद्वारा नि:शुल्क वितरणको लागि" भन्ने वाक्यांश उल्लेख भएको हुन पर्ने छ ।

१०. धुलो र झोल औषधी बाहेकका औषधीहरु Strip मा मात्र आपूर्ती गर्नु पर्ने छ । बोतल र ट्यूबमा आपूती हुने सबै औषधीहरु सिलबन्दी हुन पर्ने छ ।

११. कार्यालयको हातासम्म औषधी ढुवानी वापत लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्रदाताले नै व्यहोर्नु पर्ने छ।

१२. दरभाउपत्रदाताले उपलब्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनको लगि जारी गरिएको सक्कल आधिकारिक पत्र (Authorized Letter) बिदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टवाट लिएको सक्कलै आधिकारिक पत्र र औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने छ ।

१३. दरभाउपत्रदाताले पेश गर्दा मुल्य अभिवृद्धि कर समेतको मुल्य समावेश गरि पेश गर्नु पर्ने छ ।

१४. यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुने छ ।

**तपसिल**

| सिलबन्दी दरभाउपत्र नं. | विवरण | Bid Bond धरौटी वापत बैंक जमानत रकम | बैंक जमानतको म्याद | दरभाउपत्रको रकम ( फिर्ता नहुने) | कैफियत |
|---|---|---|---|---|---|
| SQ/Goods/ PG mun/०१-८२-८३ | औषधी तथा सर्जिकल सामाग्रीहरु | ७५,०००/- | ७५ दिन | १०००/- | |

**प्रमुख प्रशासकिय अधिकृत**